# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np

## २२ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/९/५ गते)

यस वित्तीय संस्थाको मिति २०८० पौष ४ गते बसेको सञ्चालक समितिको २३ औं बैठकको निर्णयानुसार संस्थाको २२ औं वार्षिक साधारणसभामा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८० पौष २९ गते (January 14, 2024), आइतबार

समय : बिहान ११:०० बजे ।

स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पुंजी रु. ३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु. २,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक शेयरधनी समूहबाट ४ र सर्वसाधारण शेयरधनी समूहबाट २ जना समेत गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुंजी रु. ३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. यस संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

३. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. १३,२०,१८३.७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव,**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/९/१६ गते यस संस्थाका शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/९/१५ सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाका शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनस शेयर तथा नगद लाभांश पाउने व्यवस्था मिलाइएको बेहोरा अनुरोध छ ।

२. शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनीहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.skbbl.com.np मा पनि हेर्न सकिनेछ । कम्पनी ऐनको दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । कुनै कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीहरुले यसै सूचनालाई आधार मानी आफ्नो कुनै परिचय खुल्ने प्रमाणपत्र (फोटो भएको) तथा शेयर अभौतिकीकरण गरेको विवरण देखिने BOID No. हितग्राही खाता नं. साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । हाजिरी किताब सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

४. विद्यमान शेयरधनीलाई मात्र प्रोक्सी दिन सकिनेछ । प्रोक्सी फर्म सभा हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको बबरमहल, काठमाडौं स्थित केन्द्रिय कार्यालयमा दर्ता गराउनु पर्नेछ । एक जना शेयरधनीले एक भन्दा बढी प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लिखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा त्यस्तो शेयरधनीको तर्फबाट सर्वसम्मत रुपमा नियुक्त प्रतिनिधि अथवा त्यसरी नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने आधिकारिक पत्र वा अख्तियार प्राप्त व्यक्तिले दिने प्रोक्सी फारममा संस्थाको छाप र आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

८. सञ्चालक निर्वाचन सम्बन्धि कार्यक्रम संस्थाको वेबसाईट तथा संस्थाको सूचनापाटीमा प्रकाशित गरिनेछ ।

९. विविध शिर्षक अन्तर्गत गर्नुपर्ने छलफलको विषय बारे सभा हुने दिन भन्दा ७ दिन अगावै कार्यालय समय भित्र अध्यक्षज्यूलाई सम्बोधन गरी संस्थाको कार्यालयमा लिखित जानकारी दिनुपर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएता पनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।

१०. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस संस्थाको वेभसाइट www.skbbl.com.np मा हेर्न वा बबरमहल, काठमाडौं स्थित यस संस्थाको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण**

आदरणीय शेयरधनी महानुभावहरू, यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को २२ औं वार्षिक साधारण सभाको प्रयोजनार्थ यस वित्तीय संस्थाको आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरू र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरू समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

**(क) वित्तीय संस्थाको कारोवार तथा वित्तीय स्थिति**

मुलुकको समग्र आर्थिक परिवेशका बीच लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो वित्तीय संस्था लघुवित्त सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ । यस वित्तीय संस्थाले आ.व. २०७९/८० मा ४२,०४७ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल १०,२९,८७५ परिवारलाई लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । अघिल्लो आ.व. सम्म यस वित्तीय संस्थामा कुल १,३०९ सहकारीहरू आवद्ध रहेकामा सो संख्या १,३६० पुगेको छ । जसमध्ये ३०१ वटा संस्था नेपाल राष्ट्र बैंकबाट हस्तान्तरित ग्रामीण स्वावलम्बन कोषसँग सम्बन्धित छन् ।

आ.व. २०७८/७९ को अन्तमा कुल लगानीमा रहेको रकम रु. ३० अर्व ०२ करोड २० लाख रहेकोमा समीक्षा वर्षमा ५१.३३ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रु. ४५ अर्व ४३ करोड २२ लाख पुगेको छ। साथै आ.व. २०७८/७९ मा रु. २२ अर्व ३७ करोड ८४ लाख कर्जा लगानी गरेकोमा समीक्षा वर्षमा ६२.६८ प्रतिशतले वृद्धि भई रु. ३३ अर्व १६ करोड ९३ लाख एवम् कर्जा असूलीमा समीक्षा वर्षमा ५.१२ प्रतिशतले वृद्धि भई कर्जा असूली रु. १७ अर्व ७५ करोड ९१ लाख पुगेको छ ।

आ.व. २०७८/७९ मा कुल सञ्चालन आम्दानी रु. १ अरब ३४ करोड ०१ लाख रहेकोमा आ.व. २०७९/८० मा २४.५८ प्रतिशतले वृद्धि भई रु. १ अरब ६६ करोड ९५ लाख पुगेको छ । साथै आ.व. २०७८/७९ मा खुद मुनाफा रु. ६९ करोड ७३ लाख रहेकोमा आ.व. २०७९/८० मा १०.९३ प्रतिशतले वद्धि भई रु. ७७ करोड ३५ लाख पुगेको छ। २०८० असार मसान्तमा बैंकको सञ्चित नाफा रु. १ अर्व ६८ करोड ५१ लाख रहेको थियो । सञ्चालक समितिबाट साधारणसभा समक्ष आ.व.२०७९/८० मा चुक्ता पुंजी रु. ३,३३,१६,१८,२०४/४४ को १४.२५% प्रतिशतले हुने रु. ४७,४७,५५,५९४/१३३ बराबरको बोनस शेयर र कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.७५% प्रतिशतले हुने नगद लाभांश रु २,४९,८७,१३६/५३३ गरी कुल जम्मा चुक्ता पूँजीको १५% ले हुने रकम रु.४९,९७,४२,७३०/६६६ (अक्षरेपि उनान्पचास करोड सन्तानब्बे लाख बयालिस हजार सात सय तीस र पैसा छैसठी मात्र) वितरणका लागि प्रस्ताव गरिएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात मिति २०८०/८/२७ मा प्राप्त यस संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका-१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

क्रमशः

तालिका-१

**Statement of Financial Position**

| Particular | Notes | 31st Ashar 2080 | 32nd Ashar 2079 |
|---|---|---|---|
| Cash & Cash Equivalent | 4.1 | 3,314,879,383.85 | 913,900,124.45 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 4.2 | 208,994,041.76 | 126,960,046.37 |
| Placement with Banks & Financial Institutions | 4.3 | - | - |
| Derivative Financial Instruments | 4.4 | - | - |
| Other Trading Assets | 4.5 | - | - |
| Loan and Advances to MFIs & Cooperatives | 4.6 | 44,366,878,238.28 | 29,311,585,863.08 |
| Loan & advances to customers | 4.7 | 54,111,020.30 | 39,961,303.76 |
| Investment Securities | 4.8 | 57,553,223.19 | 190,010,000.00 |
| Current Tax Assets | 4.9 | 5,283,362.39 | 14,386,138.84 |
| Investment Property | 4.10 | - | - |
| Property and Equipment | 4.11 | 280,103,966.57 | 48,908,655.40 |
| Goodwill and Intangible assets | 4.12 | 92,463,827.04 | 1,038,078.27 |
| Deferred tax assets | 4.13 | 31,321,962.10 | 28,728,902.24 |
| Other assets | 4.14 | 213,804,884.11 | 103,600,209.14 |
| Total Assets | | 48,625,393,909.59 | 30,779,079,321.54 |
| Liabilities | | | |
| Due to Bank & Financial Institutions | 4.15 | 18,148,106,727.76 | 8,086,472,693.25 |
| Due to Nepal Rastra Bank | 4.16 | 118,423,039.94 | 118,622,224.78 |
| Derivative Financial Instrument | 4.17 | - | - |
| Deposits from Customers | 4.18 | 1,855,586,420.16 | - |
| Borrowing | 4.19 | 19,297,396,195.19 | 16,304,371,659.98 |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.20 | - | - |
| Deferred Tax Liabilities | 4.13 | - | - |
| Other liabilities | 4.21 | 571,975,665.08 | 2,112,006,776.60 |
| Debt Securities Issued | 4.22 | - | - |
| Subordinated Liabilities | 4.23 | - | - |
| Total Liabilities | | 39,991,488,048.13 | 26,621,473,354.61 |
| Equity | | | |
| Share Capital | 4.24 | 3,331,618,204.44 | 1,564,413,727.60 |
| Share Premium | | 18,269,713.60 | 18,269,713.60 |
| Retained Earnings | | 1,685,135,984.20 | 829,136,748.98 |
| Reserves | 4.25 | 3,598,881,959.06 | 1,745,785,776.75 |
| Total Equity | | 8,633,905,861.31 | 4,157,605,966.93 |
| Total Liabilities & Equity | | 48,625,393,909.59 | 30,779,079,321.54 |
| Contingent Liabilities and Commitment | 4.26 | 16,540,439.55 | 7,346,821.79 |
| Net assets value per share | | 259.15 | 265.76 |

तालिका-२

**Statement of Profit or Loss**

| Particular | Notes | 31st Ashar 2080 | 32nd Ashad 2079 |
|---|---|---|---|
| Interest Income | 4.27 | 3,027,819,323.55 | 2,271,699,015.00 |
| Interest Expense | 4.28 | (1,359,225,984.87) | (931,839,123.63) |
| Net Interest Income | | 1,668,593,338.68 | 1,339,859,891.37 |
| Fees & Commission Income | 4.29 | - | - |
| Fees & Commission Expense | 4.30 | - | - |
| Net Fee & Commission Income | | - | - |
| Net Interest, Fee & Commission Income | | 1,668,593,338.68 | 1,339,859,891.37 |
| Net Trading Income | 4.31 | - | - |
| Other Operating Income | 4.32 | 922,982.80 | 279,063.07 |
| Total Operating Income | | 1,669,516,321.48 | 1,340,138,954.44 |
| Impairment (Charge)/ reversal for loans & other losses | 4.33 | (178,844,760.59) | (55,883,919.53) |
| Net Operating Income | | 1,490,671,560.88 | 1,284,255,034.91 |
| Personnel Expenses | 4.34 | (270,991,470.48) | (209,243,583.82) |
| Other Operating expenses | 4.35 | (71,738,844.12) | (62,506,389.35) |
| Depreciation & Amortization | 4.36 | (21,041,284.34) | (17,246,411.38) |
| Operating Profit | | 1,126,899,961.94 | 995,258,650.36 |
| Non-Operating Income | 4.37 | 2,339,404.14 | 2,247,987.33 |
| Non-Operating Expense | 4.38 | - | - |
| Profit before Income Tax | | 1,129,239,366.09 | 997,506,637.69 |
| Income Tax Expense | 4.39 | (355,672,454.20) | (300,163,799.99) |
| Current tax | | (356,920,965.96) | (307,048,896.65) |
| Deferred tax | | 1,248,511.76 | 6,885,096.65 |
| Profit for the year | | 773,566,911.89 | 697,342,837.70 |
| Profit attribute to: | | | |
| Equity holder of the Financial Institution | | 773,566,911.89 | 697,342,837.70 |
| Profit for the year | | 773,566,911.89 | 697,342,837.70 |

**तालिका-३ केही महत्वपूर्ण वित्तीय सूचकहरू**

| क्र.सं. | विवरण | सूचकाङ्क | आ.व.७९/८० | आ.व.७८/७९ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | 25.54 | 30.69 |
| २ | प्रति शेयर आम्दानी | रु. | 38.66 | 44.58 |
| ३ | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | 9.35 | 8.12 |
| ४ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | 8.19 | 8.44 |
| ५ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | 4.85 | 3.75 |
| ६ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | 86.22 | 112.63 |
| ७ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | 1.59 | 2.27 |
| ८ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | 3.91 | 4.15 |
| ९ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | 259.15 | 265.76 |

**चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति**

आ.व.२०७९/८० को असोज मसान्तको खुद मुनाफा रु. २३ करोड २८ लाख रहेकोमा चालु आ.व. २०८०/८१ को असोज मसान्तमा रु. ३० करोड १४ लाख हुन गएको छ। २०७९ को असोजमा कुल कर्जा तथा सापट रु. ३० अर्ब ६२ करोड ४५ लाख रहेकोमा २०८० साल असोज मसान्त सम्ममा रु. ४१ अर्ब ६० करोड ५३ लाख पुगेको छ। २०७९ असोजमा कुल निष्क्रिय कर्जाको ०.७५ प्रतिशत रहेकोमा २०८० साल असोज मसान्तमा ०.८१ प्रतिशत भएको छ।

**क्रमशः**

**(ख) भविष्यका योजनाहरू**

**यस वित्तीय संस्थाको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :-**

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका सबै भौगोलिक क्षेत्रहरूमा वित्तीय सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिने छ।

(२) लघुवित्त सेवाबाट बञ्चित वर्ग आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिलाको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

(३) नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा तथा तरकारी खेती कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिनेछ।

(४) विपन्न तथा साना किसानहरूलाई कृषि मूल्यशृङ्खलाका विविध पक्षहरूमा सहभागी गराई साझेदार सहकारी मार्फत ग्रामीण उद्यम स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरूसँगको समन्वयमा सञ्चालित ग्रामीण उद्यम कर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिनेछ।

(५) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ।

(६) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट साझेदार संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ।

(७) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिनेछ।

(८) विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवम् पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना तथा सञ्चार प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ।

(९) कर्जाको गुणस्तरमा निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा वृद्धि गरी शेयरधनीहरूलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ।

(१०) कृषिको रुपान्तरण तथा उद्यमशील संस्कृतीको विकासमा सघाउ पुऱ्याउन साझेदार संस्थाहरूमा नमूना कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ।

(११) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ।

(१२) कृषिको रूपान्तरणमा युवाहरूको योगदान थप प्रभावकारी बनाउन साना किसान परिवारका युवाहरूलाई कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सीप/ज्ञान प्राप्त गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद (CTEVT) लगायत स्वदेशी तथा विदेशी तालिम केन्द्रहरुमा पठाइनेछ।

(१३) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, आँप, केरा, चिया, तरकारी, आलु, तेलहन, दलहन, पशुपालन र माछापालन आदि जस्ता कृषि उपजमा व्यावसायिक रुपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्यको प्रयास गरिनेछ।

(१४) प्रदेश सरकारहरूसँग सहकार्य गरी विपन्न र साना किसानलाई सुलभ कर्जा पहुँचका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

(१५) वित्तीय कारोवारमा डिजीटल प्रविधिको अधिकतम उपयोग गर्ने अवस्था निर्माण गरिनेछ।

(१६) वायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उपायहरु खोजी अवलम्बन गरिनेछ।

(१७) वातावरण संरक्षणका लागि हरित कोष (Green fund) मा पँहुच पुऱ्याई सो प्राप्त गर्ने लगायत नविकरणीय उर्जाको अधिकतम प्रयोग गर्ने गराइने छ।

**(ग) लेखापरीक्षकको मन्तव्य**

वित्तिय संस्थाको असार मसान्त २०८० को वासलात, उक्त मितिमा सम्पन्न आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा लेखापरीक्षकबाट नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन अनुसार यथार्थपरक रहेको राय सहितको प्रतिवेदन रहेको छ।

**(घ) संक्षिप्त वार्षिक आर्थिक विवरणमा उल्लेखित गर्नु पर्ने अन्य कुरा :**

संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो।

माथि उल्लेखित संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र प्रचलित नियमानुसार तयार पारिएको छ।

लेखापरीक्षकले लेखापरीक्षण क्रममा कम्पनीको कारोवार सम्वद्ध वाहेक अन्य कैफियतहरू उल्लेख नगरेको।

कम्पनीको लेखा तथा लेखा सम्बन्धी विवरणहरू पूर्ण रहेको, कम्पनीको लेखा सम्वन्धी अभिलेखको विवरणसँग दुरुस्त रहेको र लेखापरीक्षकले माग गरे बमोजिमको आवश्यक सूचना, स्पष्टिकरण एवम् विवरणहरू उपलब्ध गराईएको व्यहोरा प्रतिवेदनमा उल्लेख भएको।